# विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

(मन्त्रालयबाट स्वीकृत मितिः २०७८।०७।३०)

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, नेपाल

<u>विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८</u>

<u>प्रस्तावना</u>ः प्रदेशका उपेक्षित, उत्पीडित र राज्यको मूलप्रवाहमा आउन नसकेका समुदायलाई हालको संघीय व्यवस्थाले शिक्षा, स्वास्थ्य, विकास निर्माण लगायतका क्षेत्रमा ल्याएका सकारात्मक प्रभावका सम्बन्धमा लेख तथा अन्य प्रकाशन/प्रसारण सामग्री तयार गरी सुसूचित गर्न सञ्चार रजिष्ट्रार कार्यालयको आर्थिक वर्ष २०७८ /०७९ को बजेट तथा कार्यक्रममा रहेको 'विषयगत पत्रकारिता लेखन तथा प्रसारणवृति कार्यक्रम' र "महिला पत्रकार प्रोत्साहन कार्यक्रम" मार्फत बागमती प्रदेश भित्रका पत्रकार तथा सञ्चारकर्मीहरुलाई प्रोत्साहन गर्न ,पत्रकारिता क्षेत्रलाई थप खोजमूलक र उद्देश्यमूलक बनाउन आवश्यक भएकोले विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) को अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम, प्रारम्भ र विस्तारः</u> (१) यस कार्यविधिको नाम "विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्ति कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषा</u>ः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) "प्रकाशन सामग्री" भन्नाले पत्रपत्रिका एवं अनलाईन माध्यममा प्रकाशन भएको समाचार तथा लेखजन्य सामग्रीलाई सम्झनु पर्छ।

(घ) "प्रसारण सामग्री" भन्नाले रेडियो, अनलाईन तथा टेलिभिजनमा प्रसारण भएको रिपोर्ट, कार्यक्रम वा यस्तै प्रकृतिका अन्य प्रसारण सामग्री सम्झनु पर्छ।

(ङ) "पत्रकार" भन्नाले प्रकाशन तथा प्रसारणसँग सम्वद्ध वा स्वतन्त्र सञ्चारकर्मी सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "लेखन तथा प्रसारणवृत्ति" भन्नाले तोकिएका विषयहरुमा प्रकाशन तथा प्रसारण सामग्री तयार गरी प्रसारण तथा प्रकाशन गरे वापत प्रदान गरिने नगद सहायता रकम सम्झनु पर्छ।



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय

**कृष्ण प्रसाद शर्मा खनाल**

**(मन्त्री)**

(ज) "समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्नेछ ।

(झ) "आवेदन" भन्नाले दफा ३ बमोजिम कार्यालयले आह्वान गरेको आवेदन सम्झनु पर्नेछ ।

३. आवेदन सम्बन्धी व्यवस्थाः (१) कार्यालयले विषयगत लेखन तथा प्रसारण वृत्तिका लागि कार्यालयको वेवसाईट वा अन्य सञ्चार माध्यममा आवेदन आव्हान गर्नेछ।

(२) आवेदन आव्हान भएको मितिले १५ (पन्ध्र) दिन भित्र बागमती प्रदेशमा क्रियाशिल इच्छुक नेपाली पत्रकारले व्यक्तिगत वा समूहगत रुपमा अनुसूची-१ बमोजिमको ढाँचामा विवरणहरू खुलाई कार्यालयमा आवेदन दिनु पर्नेछ ।

४. छनौट समितिः (१) आवेदनहरु मध्येबाट दफा ५ बमोजिमको आधारमा लेखन तथा प्रसारणवृत्ति प्रदान गर्न देहाय बमोजिमका सदस्य रहेको एक छनौट समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सञ्चार रजिष्ट्रार | - संयोजक |
| (ख) | नेपाल पत्रकार महासंघ, प्रदेश समिति प्रतिनिधि, | - सदस्य |
| (ग) | कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| (घ) | आर्थिक प्रशासन प्रतिनिधि, कार्यालय | -सदस्य |
| (ङ) | शाखा अधिकृत, कार्यालय | - सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्वन्धित विषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले लेखन तथा प्रशारण वृत्तिबाट प्राप्त सामाग्रीहरुको प्रकाशन तथा प्रसारण सम्वन्धी अन्य निर्णय गर्नेछ ।

५. समितिको काम कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयमा रितपूर्वक परेको आवेदन समितिलाई प्राप्त भए पश्चात तीस दिनभित्र प्रदेश भित्र कार्यरत महिला र पुरुष पत्रकारको आवेदक छनौट गर्ने,

(ख) कुल छनौट हुने आवेदन मध्ये महिला पत्रकारहरुलाई प्राथमिकता दिई कम्तिमा सत्तरी प्रतिशत महिला पत्रकारहरुको आवेदन छनौट गर्नु पर्नेछ,

(ग) परामर्शदाता सम्पादकले प्रारम्भिक अध्ययन गरी सिफारिस गरेका आवेदनहरु मध्येवाट आवश्यक आवेदन स्वीकृत गर्ने,

(घ) परामर्शदाता सम्पादकलाई यस कार्यक्रम सम्बन्धित विषयमा आवश्यक निर्देशन दिने,

(ङ) परामर्शदाता सम्पादकले सम्पादन गरी पठाएका सामग्री मध्येबाट उपयुक्त सामाग्री छनौट



कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

गरी स्वीकृतको लागि कार्यालयलाई सिफारिस गर्ने,

(च) छनौट हुने सम्पादित सामग्रीको शब्दको संख्या, लेखन संरचना, भाषाशैली, तथ्य तथ्याङ्कको प्रयोग, लेखनको तौल, लेखन तथा प्रसारण बिषयको औचित्यता, प्रभावकारीता जस्ता समग्र मूल्याङकनको आधारमा बढीमा २५,००० (पच्चीस हजार रुपैया) रुपैंयासम्म पारिश्रमिक निर्धारण गरी कार्यालयलाई सिफारिस गर्ने,

(छ) लेखन सामग्रीको पारिश्रमिक सिफारिस गर्दा समितिले अनुसूची-२ को आधार र मापदण्डलाई समेत ख्याल गर्नुपर्ने ।

६. <u>परामर्शदाता सम्पादकको नियुक्ती</u>: (१) लेखन तथा प्रशारण वृत्तिलाई प्रभावकारी, औचित्यपूर्ण र प्रादेशिक परिचयात्मक बनाउँन सहयोग पुग्ने गरी कार्यालयले एक परामर्शदाता सम्पादक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्शदाता सम्पादक नियुक्त हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरीक,

(ख) पैंतिस वर्ष पुरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेको,

(घ) नेपाली भाषामा बिज्ञता भएको,

(ङ) रेडियो/पत्रिका/टेलिभिजनमा कुनै एउटा क्षेत्र वा तीन वटै क्षेत्रमा कम्तिमा दस वर्ष निरन्तर पत्रकारीताको अनुभव भएको ।

(३) परामर्शदाता सम्पादकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) रिपोर्टिङका लागि प्राप्त प्रस्तावको प्रारम्भिक छनौट गरी अन्तिम निर्णयका लागि छनौट समितिमा पठाउने,

(ख) लेखन तथा प्रशारण वृत्तिका लागी छनौट भएका पत्रकारहरुलाई रिपोर्टिङ तथा लेखनमा सल्लाह, सुझाब र निर्देशन दिने,

(ग) लेखन तथा प्रशारण वृत्ति प्राप्त गरेका पत्रकारहरुले पठाएका प्रारम्भिक मस्यौदा माथि टिप्पणी, सुझाव र पृष्ठपोषण प्रदान गर्ने,

(घ) लेखन तथा प्रसारणवृत्ति प्राप्त गरेका पत्रकारहरुबाट प्राप्त भएका सामग्रीको अन्तिम सम्पादन गरी प्रकाशन तथा प्रसारणको लागी समितिलाई सिफारिस गर्ने,



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

(ङ) सम्पादित सामग्रीको शब्दको संख्या, लेखन संरचना, भाषाशैली, तथ्य तथ्याङको प्रयोग, लेखनको तौल, समग्र मूल्याङकन गरी समितिलाई सिफारिस गर्ने,

(४) परामर्शदाता सम्पादकलाई एक लेखन तथा प्रसारण वृत्तिको सम्पादन गरे बापत अधिकतम रु. ७,५००।- (सात हजार पाच सय मात्र) का दरले रकम प्रदान गरिनेछ ।

७. **प्रकाशन तथा प्रसारण सामग्रीको मापदण्डः** (१) प्रदेशभित्रका सम्पूर्ण विषयगत जानकारी प्रदान गर्ने गरी तयार गरिएको प्रकाशन तथा प्रसारण सामग्रीको मापदण्ड देहाय बमोजिमको हुनेछः-

(क) पत्रपत्रिका, रेडियो, अनलाईन तथा टेलिभिजनका लागि म्यागेजिन शैलीको रिपोर्ट,

(ख) रेडियो तथा टेलिभिजनका लागि तयार गरिएको सामाग्रीको ट्रान्सक्राइव गरिएको बाइट समेत गरी तीन हजार देखि पाँच हजार शब्द सम्मको हुनु पर्नेछ ।

(२) परामर्शदाता सम्पादकलाई पठाइएको रेडियो तथा टेलिभिजनका लागि प्रयोग हुने बाइट ट्रान्सक्राइव गरी लेखिएको हुनु पर्नेछ र एउटा बाइटको समयावधि बढीमा पच्चीस सेकेण्डको हुनु पर्नेछ।

८. **स्क्रिप्ट पेश गर्नु पर्नेः** (१) लेखन तथा प्रशारण वृत्ति प्राप्त गरेका पत्रकारहरुको अन्तिम नामावली प्रकाशन गरे पशचात प्रकाशन वा प्रसारण गराउन चाहेको विषयवस्तुको मस्यौदा कम्प्युटर टाइप गरी देवनागिरी लिपिमा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको स्क्रिप्ट परामर्शदाता सम्पादकलाई चित्त नबुझेमा आवश्यक संशोधन तथा सम्पादन गर्न/गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य नभएमा छनौट भएको उमेद्‌वारको आवेदन बदर गरेको मानी कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

९. **लेखन तथा प्रसारणवृत्ति रकम प्रदान गरिनेः** (१) परामर्शदाता सम्पादकले सिफारिस गरेको मुल्याङ्कनको आधारमा समितिले लेखन तथा प्रशारण वृत्ति प्राप्त गरेका पत्रकारलाई बढीमा रु. २५,०००।– (पच्चिस हजार) सम्मका दरले रकम भुक्तानी गर्न कार्यालयलाई सिफारिस गर्नेछ ।

(२) वृत्ति वापतको रकम माग गर्ने निवेदनका साथ सम्बन्धित पत्रकारले प्रकाशन तथा प्रसारण सामग्रीको दुबै हार्डकपी र सफ्टकपी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(३) लेखनबृत्तिका लागि प्रस्ताव गरिएको बिषय छनौट हुँदैमा पत्रकारले कुनै पनि किसिमको रकम प्राप्त गर्ने छैन ।

(४) लेखनबृत्ति वापतको पारिश्रमिक प्राप्त गर्न सम्पादकको निर्देशनमा लेखन कार्य पूरा गरेको, सम्पादकले अन्तिम सम्पादन गरेको, कार्यालयले प्रकाशन तथा प्रसारण गर्न अनुमति दिएको र प्रकाशन



प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

तथा प्रसारण गरेको सामग्री कार्यालयमा पेश गरेपछि मात्रै भुक्तानी हुनेछ ।

१०. <u>सामग्री निर्माणका विषयहरुः</u> (१) लेखन तथा प्रसारणवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि तयार गरिने समाचारमूलक सामग्रीहरु देहायका विषयहरुमा गर्न सकिनेछः-

(क) बागमती प्रदेशमा शिक्षा ।

(ख) बागमती प्रदेशमा स्वास्थ्य ।

(ग) बागमती प्रदेशमा पर्यटन ।

(घ) बागमती प्रदेशमा महिला, बालबालिका ज्येष्ठ नागरिक ।

(ङ) बागमती प्रदेशमा सिर्जनसिलता र उद्यमशीलता ।

(च) बागमती प्रदेशमा सूचना प्रविधिको प्रयोग उपयोग/दुरुपयोग ।

(छ) बागमती प्रदेशमा वैज्ञानीक कृषि प्रणाली ।

(ज) बागमती प्रदेशमा कुनै पनि क्षेत्रमा भएका नवप्रवर्तनका विषयहरु ।

(झ) बागमती प्रदेशमा वन तथा वातावरण ।

(ञ) बागमती प्रदेशमा दिगो विकास ।

(ट) बागमती प्रदेशमा संघीय संरचना र सो को सकारात्मक/नकारात्मक प्रभाव ।

(ठ) बागमती प्रदेशमा विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ।

(ड) बागमती प्रदेशमा राजनितिक परिवर्तनले अल्पसंख्यक, सिमान्तकृत तथा अति-सिमान्तकृत जनजातीहरुको जिवनशैलीमा ल्याएको समस्या, चुनौति र अवसर ।

(ढ) बागमती प्रदेशमा जलवायु परिवर्तनले पारेको प्रभाव र असर ।

(ण) बागमती प्रदेशमा परम्परागत ज्ञानले समाजलाई प्रदान गरेको आधुनिक शिक्षा ।

(त) बागमती प्रदेशमा वातावरण, जलस्रोत, पर्यटन, कृषि, कानून, पत्रकारिता वा एक अर्कासँग अन्तरसम्बन्धित विषय ।

(२) उपदफा (१) मा उल्लेख भएको विषय बाहेक समतिले निर्धारण गरेका अन्य सान्दर्भिक विषयमा समेत सामाग्री निर्माण गर्न कार्यालय समक्ष आवेदन दिन सकिनेछ ।

११. <u>बजेट व्यवस्थापनः</u> लेखन तथा प्रसारण वृत्ति रकमका लागि आवश्यक पर्ने बजेट कार्यालयको वार्षिक विनियोजनबाट व्यवस्था गरिनेछ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

हाल सालै
खिचेको पासपोर्ट
साइजको फोटो

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## विषयगत पत्रकारिता लेखन तथा प्रसारणवृति कार्यक्रमका लागि आवेदन फाराम

१. लेखन तथा प्रसारणवृत्तिको विषयः

२. वैयक्तिक विवरणः

| | |
|---|---|
| नाम थर : | लिङ्ग : |
| स्थायी ठेगाना : | मोबाइल नं.: |
| कार्यरत ठेगाना : | इमेल : |
| कार्यरत सञ्चार संस्था : | पद : |
| सामग्री प्रकाशन तथा प्रसारण गर्ने सञ्चार संस्था : | |

३. तपाईले यो बिषय किन छनौट गर्नु भएको हो ?

| |
|---|
| १. |
| २. |
| ३. |

४. तपाईले छनौट गरेको बिषयमा लेखिएको सामग्रीको प्रकाशन तथा प्रसारण पछि पार्ने प्रभावः

| |
|---|
| १. |
| २. |
| ३. |

५. सामग्री तयार पार्न प्रयोग गरिने अध्ययन पद्धति र कार्ययोजनाः-



प्रदेश सरकार

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

६. अन्तर्वार्ता/अन्तर्क्रिया गरिने सम्भावित व्यक्ति/समुदाय/संस्थाको सूची :-

१.

२.

३.

७. प्रकाशन तथा प्रसारण सामाग्री तयार गर्दा सामेल भएका अन्य सदस्यहरुको अनुसूची-१ को क्रम संख्या २ बमोजिमको विवरण: (सामूहिक आवेदनको लागि)

१.

२.

३.

माथि लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

.......................

आवेदकको हस्ताक्षर

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

७

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

अनूसुची – २

(दफा ५ को खण्ड (छ) सँग सम्बन्धित)

**लेखिएको सामग्रीको पारिश्रमिक निर्धारण गर्ने आधार र मापदण्ड**

| क.सं. | छनौटका आधार | अंकभार |
|---|---|---|
| १. | विषयवस्तुको गाम्भीर्यता, मौलिकता र प्रभाव, | २० |
| २. | प्रदेशका उपेक्षित, उत्पीडित र राज्यको मूलप्रवाहमा आउन नसकेका समुदायसँग सम्बन्धित विषय, | १० |
| ३. | अवलम्वन गरिने खोज तथा अनुसन्धान पद्धति, | २० |
| ४. | स्थलगत अध्ययन, अनुसन्धान र सम्वन्धित क्षेत्रको जनसहभागिता, | २५ |
| ५. | रिपोर्टिङ गर्न चाहेको विषयले प्रदेशलाई समेटेको परिमाण | २५ |

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)